संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठ: प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/-
नोट: रु.२०,०००/- भन्दा माथिको बिल्मा मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१५, ▶▶ अंक ३६९ साउन १२ मंगलबार,२०७८, July–27 Tuesday 2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

त्रियुगा नगरपालिकाका ३३ जना कर्मचारी कारबाहीमा

❖ **बुद्धि कुमार राई**

त्रियुगा, साउन ११

त्रियुगा नगरपालिका उदयपुरका ३३ जना कर्मचारी कारबाहीमा पर्ने भएका छन् ।

त्रियुगा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विश्वजित राईले साउन १० गते आईतबार गरेको छड्केमा नगरपालिका मातहतका त्रियुगा नगर कृषि कार्यालय, त्रियुगा नगर पशु सेवा कार्यालय, त्रियुगा नगर स्वास्थ्य कार्यालय र त्रियुगा नगरपालिकाका विभिन्न तहका ३३ जना कर्मचारी साउन १० गते आईतबार कार्यालय समयमा मा अनुपस्थिति रहेको त्रियुगा नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत बिश्वजित राईले जानाकारी दिए । उनका अनुसार अब ति ३३ जना कर्मचारीलाई स्पष्टीकरण सोधिने र तथ्य, प्रमाणसहित चित्तबुझ्दो जबाफ नआए निजामति सेवा ऐन अनुसार कारबाही गरिने राईले बताए ।

कार्यालय समयमा कार्यालयमा नबसी सेवाग्राहीलाई क्षती गर्ने कर्मचारीलाई क्षतिपुर्ति समेत भराईने भएको छ। त्रियुगा नगरपालिकाको मातहतका तिन कार्यालय र नगरपालिका भित्रकै ३३ जना कर्मचारी एकै दिन अनुपस्थित हुँदा नगरपालिकाबाट सेवा लिने हजारौं सेवाग्राही मारमा परेका छन्। आफ्नो दैनिक काम माया मारेर सेवा लिन आएका नगरबासीलाई सेवा दिने कर्मचारी नहुँदा अनाबश्यक झन्झट, समयको खर्च, अन्य दिन पुन आउनुपर्ने जस्ता प्रभाव परेको छ। कारबाहीमा परेका कर्मचारीहरुको तलब काट्ने, विभागिय कारबाही समेत हुने नगरपालिकाले जनाएको छ । जनतालाई दुख दिने कर्मचारीलाइई कानुनी कारबाही गरिने भएको छ ।

बिश्वजित राई
निमित्त प्रमुख प्रशासकिय अधिकृत
त्रियुगा नगरपालिका, उदयपुर

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगढा
गाईघाट, उदयपुर
QAA Certified
Faculties
Management
Humanities
Education
+2 मा
भर्ना खुल्यो !
कार्यक्रम
Contact No.
Computer Science
Campus Chief
Visit Us At Least Once, Then feel the Difference !!

उदयपुरमा थप ३३ जनामा संक्रमण पुष्टि, संक्रमितको संख्या २,८३६ पुग्यो

❖ **बेद कुमारी राई**

उदयपुर, साउन ११

उदयपुरमा असार (सोमबार) थप ३३ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार २१ पुरुष र १२ जना महिला गरी ३३ जनामा संक्रमण पुष्टि भएको हो। योसँगै जिल्लामा संक्रमितको संख्या २ हजार ८३६ जना पुगेको छ ।

सोमबार थपिएका संक्रमितहरु त्रियुगा, बेलका, चौदण्डीगढी र कटारी नगरपालिकाका साथै ताप्ली गाउँपालिकाका रहेको स्वास्थ्य कार्यालयले जनाएको छ। त्रियुगामा १० पुरुष र ४ महिला गरी १४ जना, बेलकामा ३ पुरुष र ५ महिला गरी ८ जना, चौदण्डीगढीमा २ पुरुष र २ महिला गरी ४ जना, कटारीमा २ पुरुष र १ महिला गरी ३ जना र ताप्लीमा ४ जना पुरुषमा संक्रमण देखिएको छ।जिल्लामा कोरोना मुक्त हुनेको संख्या १ हजार ३७६ पुरुष र १ हजार १८५ महिला गरी २ हजार ५६१ जना पुगेको स्वास्थ्य कार्यालयको तथ्याङकमा उल्लेख छ । जिल्लामा सक्रिय संक्रमितको संख्या १२३ पुरुष र १०० महिला गरी २२३ जना रहेका छन् । कोरोनाबाट ज्यान गुमाउनेको संख्या जिल्लामा ३६ पुरुष र १६ महिला गरी ५२ जना रहेका छन्।

कोरोना खबर अपडेट

गाईघाट–काठमाडौं सुमो सेवा
प्रो गणेश भट्टराई
९८४२८२५५७४
९८१४७२४६२९
अभिषेक
९८१४७३६४२०
दैनिक सेवा
गाईघाट सम्पर्क
९८४२५१४४०२
९८०५९९६७००
facebook/Ganesh Khatri
बाट पनि टिकट काटिनेछ ।
काठमाडौं बाट खुर्कोट सिन्धुली बर्दिबास लाहान गाईघाट
मुर्कुची जोगीदह हडिया बेल्टार शिवाई रामपुर फत्तेपुर
साथै नेपाल भरी गाडी रिजर्भमा चाहिएमा सम्पर्क गर्नुहोला ।

सम्पादकीय

ब्यापारीको हितमा काम गर

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुरमा अहिले महासंघको नेतृत्वमा आउन चाहाने नेतृत्वहरु बिच पानी बाराबारको समस्या छ । समस्या आउनुको मुख्य कारण आफ्नो कार्यकाल सकिएर कामचलाउ कार्यसमितिको नेतृत्व गरिरहेका सबै पदाधिकारी सदस्य हुन् ।

ब्यापारीहरुको हकहितको निम्ति काम गर्छु भनेर नेतृत्व लिएका पदाधिकारी कर्मचारीहरु प्रत्येक बर्ष गरिनुपर्ने साधरणसभा, हरेक महिना बैठक बस्नुपर्ने बिधानमा उल्लेखित काम समेत नगरेका पदाधिकारी, कार्यसमिति सदस्यहरुकै कारण मुख्य समस्या अहिले आएको छ । प्रमुख दोषि यो कार्यसमितिको अध्यक्ष गजेन्द्रकुमार भगत हुन् । उनले नेतृत्व गरेको संस्थाको महासचिब, कोषाध्यक्षको जिम्मेवारी कसैलाई नदिई आफैँसँग राखे । २०७३ साल असारमा निर्बाचित बर्तमान कार्यसमितिको कार्यकाल २०७६ साल असारमा सकिएको थियो । कोरोना महामारीको कारण देखाउँदै ६ महिना समय थपिएको सो समय बितेर अहिले करिब ३ बर्ष समय बढि बित्दा समेत साधरणसभा तथा अधिबेशन गर्न चाहदैनन् । अहिले नेतृत्वमा आउन चाहेका प्रथम उपाध्यक्ष तथा कार्यबाहक अध्यक्ष रमेश रसाईली, सचिब दिनेश श्रेष्ठ समेत यो अबस्था आउन दिनेको दोषि हुन् । ति बाहेक कार्यसमितिको सबै सदस्य पनि दोषि हुन् ।

ब्यापारीको हकहितको लागि भनेर ब्यापारीहरुले आफ्नो ब्यापार ब्यावशाय नविकरण गरेको रकम हिनामिना गरेको आरोप प्रमाणित गरेर कार्बाही गरिमाग्नु कतिको उचित काम हो ? ब्यापारीको हकहितको लागि काम गर्छु भन्ने तर ब्यापारीकै नबिकरणको पैसा हिनामिना गर्ने नेतृत्व मान्ने ब्यापारीहरु समेत सो कार्यका पक्षपोषक हुन् । त्रियुगा उद्योग बाणिज्य संघमा यतिका समयसम्म काम गर्न नदिने नचाहाने भनेको अध्यक्ष गजेन्द्र कुमार भगत हुन् । अहिलेको यो अबस्था आउन दिनुमा उनी दोषि छन् । ति बाहेक या कार्यसमितिका सबै पदाधिकारी, सदस्यहरु पनि दोषि हुन् । बाणिज्य संघ लथालिङ्ग हुँदा किन काम गर्न चाहेन्न । बाणिज्य संघ अध्यक्षको एकल नेतृत्वमा चल्ने भए अन्य पदाधिकारी, सदस्य किन आबश्यक पर्दथ्यो । अब बाणिज्य संघले निस्वार्थ भावना भएका ब्याक्तिले नेतृत्वको जिम्मेवारी पाउनुपर्दछ ।

१, आलु	रु ४०
२, अदुवा	रु १६०
३, टमाटर	रु ६०
४, बन्दा	रु ६०
५, भेन्टा	रु ८०
६, खुर्सानी	रु २००
७, मुला	रु ६०
८, पर्बल	रु १००
९, तितेकरेला	रु ६०
१०, भिन्डी	रु ८०
११, च्याउ	रु २४०
१२, काउली	रु १६०
१३, पर्सी	रु ५०
१४, कटहर	रु ४०
१५, काँक्रा	रु ७०
१६, धनियाँ	रु ८०
१७, लोकल बोडी	रु ८०
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १००
२०, लट्टे साग	रु ६०
२१, प्याज	रु ७०
२२, निगुरो	रु २५
२३ दुध	रु. ७०
२४, दही	रु ९०
२५, मोही	रु ५०
२६, घ्यु	रु ७००
२७, राँगाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसीको मासु	रु १,०००

स्रोतः तरकारी बजार व्यवस्थापन समिति

बालविवाह घटाउने रौतामाईको प्रतिबद्धता

❖ **मनिता कुमारी राई**

उदयपुर, असार ११

किशोरकिशोरीमाथि हुने उपेक्षा, दुर्व्यवहार, विभेद र हिंसाविरुद्ध व्यवस्थापन गर्दै उनीहरुको सशक्तिकरण तथा संरक्षण गर्न जिल्ला र गाउँपालिकाका सरोकारवालाहरु एकजुट हुने भएका छन् । जाल्पा एकीकृत विकास समाज (जीड्स) उदयपुरको आयोजना, वर्ल्डभिजन ईन्टरनेशनलको सहयोग र रौतामाई गाउँपालिकाको समन्वयमा यसै साता सम्पन्न दुई चरणको कार्यक्रमबाट उनीहरु एकजुट भएका हुन् ।

१० देखि १९ वर्षसम्मका किशोरकिशोरी लक्षित विभिन्न सवालमा क्रियासिल सरकारी तथा गैरसरकारी संघसंस्थाका करिब २ दर्जन प्रतिनिधिको सहभागिता रहेको तालिममा बालबिबाह, हिंसा, उपेक्षा, दुर्व्यवहार, विभेदलाई न्यूनिकरण गर्दै पीडितलाई तत्काल राहत र न्याय हुने किसिमले सिफारिश प्रणालीलाई जोड दिइएको थियो । तालिममा जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, जिल्ला अदालत, गैरसरकारी संस्था महासंघ, रौतामाई गाउँपालिका, किशोर किशोरी समूह, नेपाल बार एशोसिएसनका प्रतिनिधिको सहभागिता थियो । त्यस्तै, ओरेक, बाल संगठन, युवा सञ्जाल, उद्योग वाणिज्य संघ, मानव अधिकारकर्मी, महिला मानव अधिकार रक्षक, नेपाल पत्रकार महासंघ, गाउँपालिकास्तरीय बाल अधिकार समिति, वडास्तरीय बाल अधिकार समिति, शिक्षक, अभिभावक एकद्वार संकट व्यवस्थापन प्रणाली (ओसीएमसी), जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य कार्यालयलगायतका प्रतिनिधिको पनि सहभागिता थियो ।

तालिममा जिल्लामा बालबालिका र किशोरकिशोरीरुको अवस्थाबारेमा विश्लेषण गरी जानकारी गराइएको थियो । तालिम समापन कार्यक्रममा बोल्दै रौतामाई गाउँपालिकाका अध्यक्ष गजेन्द्र खड्काले बालबिबाहका घटना रौतामाई गाउँपालिकाक्षेत्रमा दिनानुदिन बढ्दै गएकाले सो को न्यूनिकरण गर्न गाउँपालिकाले चालु आर्थिक वर्षदेखि नै बजेट छुट्याएको बताए । उनले बजेट बिनियोजन गरेर सरोकारवालाको सहकार्यमा बालबिबाहविरुद्ध अभियान सञ्चालन गर्ने तथा केही वर्षभित्रै गाउँपालिकालाई बालबिबाहमुक्त बनाउने प्रतिबद्धता पनि जनाए ।

तालिममा घटना व्यवस्थापनबारे सरोकारवालाहरुलाई सचेत गराई जिम्मेवारीका साथ सिफारिस प्रणालीको माध्यमबाट सवै पक्ष एकजुट भएर पीडितलाई न्याय दिलाउने र राहत दिलाउने हिसावले लागि पर्ने प्रतिबद्धता जनाइएइको छ । त्यसका लागि सरोकारवाला सवै पक्ष मिलेर लाग्नुपर्नेमा गैरसरकारी संस्था महासंघ अध्यक्ष सुमन परियारको प्रतिबद्धता छ ।

किशोरकिशोरी अधिकारसम्बन्धी विषय विज्ञहरु सागर बुढाथोकी र सनिल कोईरालाको-

बाँकी ३ पेजमा

बिके किराना पसल

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित ।
गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।
प्रोपाइटर - भरत चामलिङ राई

त्रियुगा नगरपालिकाका कर्मचारीले ढाँटे

❖ मुलुकी संवाद्दाता

त्रियुगा, असार ११

त्रियुगा नगरपालिकाका कर्मचारीले असार १० गते आईतबार बत्ति बनाई दिने भन्दै गरेको प्रतिवद्धता ढाँटेका छन् ।

मुलुकी दैनिकले गाईघाट बजारको पिपल चोक सिटिहलदेखि बोक्से जाने सडकको सडक बत्तीको विषयमा समाचार प्रकाशन गरेर बत्ती बनाउन आग्रह गर्दा आईतबार तुरुन्त बनादिन बत्ती मर्मत गर्ने कर्मचारी पठाईदिने बताएका थिए । नगरपालिकामा अहिले सडक बत्ती मर्मत सम्भारको लागि भनेर ७ जना कर्मचारी कार्यरत छन् । एक महिनादेखि नगरपालिकाको वडा नम्बर११ का वडाध्यक्ष बिश्वराज भटराईलाई बत्ती बनाईदिन आग्रह गर्दा समेत वडाध्यक्ष भटराईले हुन्छ भन्दै तार्दै आएका छन् । त्रियुगा नगरपालिकाका प्रशासन शाखा हेर्ने एक कर्मचारीले बत्ती साउन १० गते आईतबार बनाइदिने भनेका थिए ।तर आज तिन दिन बितिसक्दा समेत सिटिहल भएर बोक्से जाने सडकको दुई वटा सडकबत्ती बन्न सकेको छैन ।

नगरपालिकाको बेवास्ताको कारण सो सडकमा ८ वटा सडक बत्तीमा दुई वटा बत्ती बल्दैन । बत्ती नहुँदा साँझ र राति सो सडक भएर सर्वसाधरण हिड्न सक्दैनन् । बाटो हिलाम्मे र खाल्डाखुल्डी छ भने बत्ती नहुँदा अझ समस्या बढेको छ ।

त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरूरी सूचना



त्रियुगा उधोग वाणिज्य संघ, उदयपुर
Shree Triyuga Chamber of Commerce & Industry, Udayapur
सदस्य :- नेपाल उधोग वाणिज्य महासंघ
(स्थापना :- २०५८)

TCCI
प. सं. :- ०७८/०७९
च. नं. :-

त्रियुगा उधोग वाणिज्य संघ
गाईघाट, उदयपुर
☎०३५-४२१५४४
Email : triyuga.cci@gmail.com

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्ण उधोग व्यावसाय मारमा परेको यो अबस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उधोग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको वैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सूचित गरिन्छ ।

त्रियुगा उधोग वाणिज्य संघ
गाईघाट, उदयपुर

बालबिबाह......

सहजीकरणमा भएको तालिम सदरमुकाममा ३ दिनसम्म चलेको आयोजक संस्था जिडस्का अध्यक्ष पुष्पराज पोखरेलले बताए । उनका अनुसार जाल्पाले सन् २०२१ देखि ३ वर्षका लागि रौतामाई गाउँपालिकाका ८ वटै वडामा किशोरकिशोरी र बालबालिकाको संरक्षणका लागि कार्यक्रम सञ्चालन गरिरहेको छ ।

जिड्का कार्यक्रम संयोजक अजयकुमार साहले रौतामाई गाउँपालिकाले गत असार १० गते किशोरकिशोरी संरक्षणसम्बन्धी नीति २०७८ समेत गाउँसभाबाट पास गरिसकेको बताए । उनले पारित नीतिका आधारमा बालबिबाह न्यूनिकरण गनेबारे दीर्घकालीन कार्ययोजना बनाएर अघि बढ्ने सोँच बनाइएको छ ।

गाईघाटे सेकुवा कर्नर...

सम्पर्क –
९८६२९३६९१०
९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक

सस्तोमा गिफ्टका सामान र गुडीया

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड ।
प्रोपाईटर : एनुका राई *सम्पर्क :- ९८१५७७१०५२*

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।

खुवालुङ गुडीया सप्लार्यस

नारायणी ग्यासको अधिकृत विक्रेता (डिलर),गाईघाट

यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान- गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

मैत्रीपुर्ण खेलमा एपिएफ पराजित

❖ बिबेक राई

गाईघाट, साउन ११

नेपाली राष्ट्रिय फुटबल टोलीले मैत्रीपूर्ण खेलमा सशस्त्रको विभागीय टोली नेपाल एपिएफलाई ३-१ ले पराजित गरेको छ। ललितपुरको सातदोबाटोस्थीत एन्फा कम्प्लेक्समा सोमबार भएको मैत्रीपूर्ण खेलमा राष्ट्रिय टोली जीत हातपार्नु सफल भएको हो। बन्द प्रशिक्षणमा रहेको राष्ट्रिय टोलीले तयारीस्वरुप उत्तफ मैत्रीपूर्ण खेल खेलेको हो। नेपाल अहिले यहि अक्टोबरमा हुने साफ च्याम्पियनपसिप र छिटै नै हुने भनिएको एएफसी एसियन कप छनौटको लागि तयारि गरिरहेको छ।

राष्ट्रिय टोलीको लागि मुख्य प्रशिक्षक अब्दुलाह अलमुताइरीले यसअघि पनि राष्ट्रिय टोलीका खेलाडीलाई दुई समुहमा विभाजन गरेर मैत्रीपूर्ण खेल खेलाएका थिए। चार दिनअघि राष्ट्रिय टोलीलाई टिम ए अनन्त तामाङ र टिम बी बिक्रम लामा गरेर दुई समुहमा विभाजन गरेर मैत्रीपूर्ण खेल खेलाएका थिए। खेलाडीलाई बढिभन्दा बढि खेलको अनुभव बटुलाउन उनले नियमित अभ्याासबाहेक मैत्रीपूर्ण खेलमा पनि प्राथमिकता दिने गरेका छन्। कुवेती प्रशिक्षक अब्दुलाहकै योजना अनुसार सोमबार पनि मैत्रीपूर्ण खेल खेलाइएको थियो।

तर आईतबारमात्र राजीनामा घोषणा गरेका उनी मैत्रीपूर्ण खेलमा भने अनुपस्थित रहेका थिए। उनले एन्फाका दोस्रो उपाध्यक्ष पंकज विक्रम नेम्वाङका कारण राजीनामा दिएको बताएपनि एन्फामा आधिकारिक रुपमा कुनै पत्र भने बुझाएका छैनन्। वरिष्ठ उपाध्यक्ष नेम्वाङले भने आफूमाथि षडयन्त्र भएको, बिनाआधार आरोप लाएको, आरोपको छानबिन हुनुपर्ने र आफू दोषी ठहरिए सजाय भोग्नु तयार रहेको बताएका थिए। यस विषयलाई लिएर समाजिक सञ्जालमा भने मिश्रित खालको प्रतिक्रियाहरु आइरहेको छ।

कसैले एन्फामा पहिलेपनि राजनिति हुने गरेको र प्रशिक्षकमाथि कुनैपनि खालको दबाब दिने नेम्वाङको कारणले राजिनामाको विषय आएको भनेर प्रतिक्रिया दिएका छन्। कसैले भने प्रशिक्षकले पनि सम्झौता विपरित एन्फा पदाधिकारीको मानसिकताबारे मिडियामा बोलेको र एन्फाको चुनाव नजिकिएको बेला अरु पदाधिकारीसँग मोफसलको भ्रमण गर्नु नहुने भनेर प्रतिक्रिया दिएका छन्। नेपालको पछिल्ला खेलमा नतिजामा सुधार नआएपनि खेल्नै शैलीमा सुधार आएको भन्दै प्रशिक्षक अब्दुलाहको तारिफ भएको थियो।

उता उत्तर अमेरिकी महादेशका राष्ट्रहरुले खेल्ने कनकाकाफ गोल्डकपमा भने अमेरिका र क्यानाडाले जीत हात पार्दै सेमिफाइनल प्रवेश गरेका छन्। सोमबार बिहान भएको पहिलो क्वाटरफाइनलमा क्यानाडाले फिफा वरियतामा आफूभन्दा २० स्थान माथिको कोस्टा रिकालाई २-० ले स्तब्ध पार्‍यो। क्यानाडालाई जिताउन १८ औं मिनेटमा डेभिड होइलेट र ६९ औं मिनेटमा स्टेफेन इस्टाकियोले एकएक गोल गरे। क्यानाडा समुह बी को उपविजेता बन्दै क्वाटरफाइनल आइपुगेको होभने कोस्टा रिका समुह सीमा शतप्रतिशत नतिजा निकाल्दै समुह विजेताको हैसियतमा यहाँसम्म आइपुगेको हो।

कोस्टा रिका र क्यानाडाको खेलपछि बिहान ७:१५ बजे भएको प्रतियोगिताको अन्तिम क्वाटरफाइनलमा अमेरिका जीत हातपार्न सफल भयो। पहिलो मिनेटमै शाकिल मोरेले गरेको गोलमा अमेरिका जमैकालाई १-० ले हराउन सफल भयो। अमेरिका समुह बी को विजेता र जमैका समुह सी को उपविजेता हुँदै क्वाटर फाइनल आइपुगेका थिए। अमेरिकाले अब सेमिफाइनलमा पाहुना टोली कतारसँग फाइनल प्रवेशको लागि प्रतिस्पर्धा गर्नेछ। अब चार दिनपछिमात्र सेमिफाइनलका खेलहरु सञ्चालन हुनेछ।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा

डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२

प्रियंका
फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

बिक्रिमा

चलिरहेको होटल बिक्रिमा

गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

TUBORG
बलम्पाकी
रेष्टुरेन्ट

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट